annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ९९ पृष्ठ ८ | काठमाडौं, बुधबार २१ साउन २०८२ | श्रावण शुक्लपक्ष द्वादशी नेपाल संवत् ११४५ | WEDNESDAY, AUGUST 6, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## बानियाँको नेतृत्वमा बागमती सरकार, पहिलो दिन ८ मन्त्रीले लिए शपथ



**सरोज पौडेल** | *हेटौंडा*

बागमती प्रदेशको नवनियुक्त मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले पद तथा गोपनीयताको शपथग्रहण गरेका छन्। मंगलबार नवनियुक्त मुख्यमन्त्री बानियाँलाई प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले पद तथा गोपनीयताको शपथग्रहण गराएका हुन्। प्रदेश प्रमुख देवकोटाले मंगलबार दिउँसो नै बानियाँलाई मुख्यमन्त्रीमा नियुक्त गरेका थिए। सोमबार नेकपा एमाले र कांग्रेसका ६४ जना प्रदेश सांसदको समर्थनसहित बानियाँले प्रदेश प्रमुख समक्ष मुख्यमन्त्रीमा दाबी पेस गरेका थिए।

साउन ९ गते कांग्रेस संसदीय दलका नेता एवम् मुख्यमन्त्रीसमेत रहेका बहादुरसिं लामाविरुद्ध बानियाँको नेतृत्वमा २१ जना प्रदेश सांसदले अविश्वासको प्रस्ताव दर्ता गराएका थिए। त्यसलगत्तै कांग्रेस संसदीय दलको नेताका लागि भएको निर्वाचनमा लामा पराजित भएपछि उनीमाथि उनकै पार्टी पंक्तिले मुख्यमन्त्री पदबाट राजीनामा दिन चर्को दबाब दिएका थिए। अन्ततः मुख्यमन्त्री लामाले सोमबार आफ्नो प्रमुख स्वकीय छत्र लामामार्फत प्रदेश प्रमुखको प्रमुख स्वकीय बलराम गैरेलाई राजीनामा पत्र पठाई नयाँ मुख्यमन्त्रीको नियुक्तिका लागि बाटो खुलाइदिएका थिए।


» बाँकी पृष्ठ ६

कभर स्टोरी

# कुलिङ पिरियड, गरम गल्ती

## छानबिन समितिले किटयो नाम, भाषा फेरिनुमा देखायो त्रुटि प्रस्टै

संघीय निजामति सेवा विधेयकमा विश्राम अवधि (कुलिङ अफ पिरियड) को व्यवस्थासम्बन्धी त्रुटि छानबिन गर्न गठित समितिले विधेयक निर्माणको क्रममा गम्भीर त्रुटि भएको निष्कर्ष निकालेको छ। छानबिन समितिले यसमा संलग्न पदाधिकारी वा व्यक्तिहरूलाई कस्तो कारबाही गर्नुपर्ने भन्ने सन्दर्भमा राजनीतिक व्यक्तिहरूलाई राजनीतिक र नैतिक जिम्मेवारी तथा कर्मचारीहरूलाई पदीय र कानुनी जिम्मेवारीबमोजिम कारबाही गर्न सुझाव दिएको छ।


संघीय निजामती सेवा विधेयक, २०८० को प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिको प्रतिवेदन, २०८२

संघीय संसद
प्रतिनिधि सभा
संघीय निजामती सेवा विधेयक, २०८० को प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा गठित संसदीय छानबिन विशेष समिति

समाचार पृष्ठ २

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

**– को रिपोर्ट**

### कसको के कमजोरी ?

| नाम | पद | गल्ती / उत्तरदायित्व |
|---|---|---|
| रामहरि खतिवडा | राज्य व्यवस्था तथा सुशासन समितिका सभापति | सभापतिको जिम्मेवारीमा गम्भीर लापरबाही, विधेयकमा त्रुटि हुँदा उत्तरदायी भूमिका नखेल्नु |
| सुरजकुमार दुरा | समिति सचिव | सचिवको हैसियतले आफ्नो जिम्मेवारी पूरा नगर्नु, बैठक र प्रतिवेदन लेखनमा कमी |
| एकनारायण अर्याल | मुख्यसचिव | विधेयकमा 'कुलिङ अफ पिरियड' विरोधमा सार्वजनिक रूपमा देखिनु, प्रशासनिक समन्वयमा कमजोरी |
| उदयराज सापकोटा | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका तत्कालीन सचिव | विधेयक त्रुटि सच्याउन अख्तियारवालालाई जानकारी गराए पनि सुधार नगर्नु |
| रविलाल पन्थ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव | विधेयकसम्बन्धी त्रुटि सच्याउन लाग्ने पहलमा कमी |
| फडीन्द्र गौतम | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानुन) | त्रुटि सच्याउन जिम्मेवारी नलिनु, सार्वजनिक रूपमा 'कुलिङ अफ पिरियड' विरोधमा देखिनु |

## नेपालमै आयो उड्ने कार



**ममता थापा** | *काठमाडौं*

अब नेपालमा पनि उड्ने कार भित्रिएको छ। पहिलो पटक नेपाली बजारमा विद्युतीय उडान सवारीसाधनले इतिहास रच्ने भएको छ। नाडा अटो सो २०२५ मा प्रदर्शन गर्ने उद्देश्यले उड्ने कार नेपाल ल्याइएको हो।

भदौ ३ देखि ८ सम्म काठमाडौंको भृकुटीमण्डपको प्रदर्शनी स्थलमा नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले आयोजना गर्ने उक्त शोमा उड्ने कार राखिने भइएको छ। भविष्यको सहरी हवाई मोबिलिटीको पहिलो झलक स्वरूप दीपल ईभीटीओएल यूएभी नामक उड्ने कार प्रदर्शनीमा राखिने भएको हो। प्रदर्शनीमा पुगेर जो कोहीले कार अवलोकन गर्न पाउने छन्। शोमा जान इच्छुकले खल्ती एपमार्फत टिकटको अग्रिम खरिद गर्न सकिने व्यवस्था गरिएको छ।

दीपल ईभी ब्रान्डको आधिकारिक वितरक एमएडब्लू वृद्धि अटो कर्प प्रालिले नेपालमा पहिलो उड्ने कारलाई प्रदर्शनीमा राख्ने भएको हो।

नाडा टाइटल स्पोन्सरमा रहेको एमएडब्लूले भविष्यको सहरी हवाई मोबिलिटीको पहिलो झलक स्वरूप दीपल ईभीटीओएल यूएभी नामक उड्ने कारलाई रोमाञ्चक तरिकाले प्रस्तुत गर्न लागेको कम्पनीका प्रतिनिधि दिनेश सिकायुले बताए। अटो शोमा राखिने उड्ने कारहरूले हाम्रो कम्पनी कति भविष्यमुखी र दूरदर्शी छन् भनी देखाएको उनको भनाइ छ। 'यसपटकको नाडा अटो शो अहिलेसम्मकै सबैभन्दा रोमाञ्चक हुने उनको विश्वास छ। यसैले यसपटक उत्कृष्ट अटोमोबाइलहरूसँगै भविष्यका उत्कृष्ट प्रविधिहरू हेर्ने मौका मिल्ने छ,' उनले भने।

» बाँकी पृष्ठ ६

